नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय म्याग्दी

## म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश बहादुर अधिकारीबाट जारी निषेध आदेश

महामारीको रूपमा फैलिदैं गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण म्याग्दी जिल्लामा तीव्र रूपमा बढीरहेको हुदाँ उक्त संक्रमण रोकथाम तथा नियन्त्रण गर्न संक्रमणको चेन ब्रेक (Chain Break) को लागि निषेधाज्ञा जारी गर्न अपरिहार्य भएकोले यस पूर्व २०७८ बैशाख ३१ गतेसम्मका लागि निषेध आदेश जारी रहेको सन्दर्भमा संक्रमणको दर अझै तीब्र रहिरहेकोले मिति २०७८ बैशाख ३० गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) र जिल्ला सुरक्षा समितिको निर्णय समेतका आधारमा, नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८ बैशाख ३१ गते रातको १२:०० बजे देखि मिति २०७८ जेष्ठ १० गते रातको १२:०० बजेसम्म म्याग्दी जिल्लाभर लागू हुने गरी देहायको निषेध आदेश जारी गरिएको व्यहोरा अनुरोध छ।

### देहाय

१. अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने र हिड्डुल नगर्ने, मर्निङ्ग वाक, इभिनिङ वाक समेत नगर्ने।
२. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेलाजम्मा हुने, भिडभाड, जुलुस, जात्रा, महोत्सव नगर्ने।
३. एम्बुलेन्स; दमकल; शववाहन; बिरामी तथा कुरूवा बोक्ने सवारी साधन (बढीमा दुई जना), पशुपंक्षीका दाना बोक्ने सवारी साधन; खाद्यसामाग्री तथा तरकारी बोक्ने सवारी साधन (चालक र सहचालक), ग्याँस तथा पेट्रोलियम पदार्थ, बोक्ने सवारी साधन; केवल, टेलिफोन, विद्युत तथा खानेपानी मर्मतका सवारी साधन, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्युटी जाने आउने प्रयोजनमा प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु बाहेकका कुनै प्रकारका सार्वजनिक वा निजी यात्रु तथा मालवाहक सवारी साधन (मोटरसाइकल समेत) सञ्चालन नगर्ने।
४. मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी नित्य पूजा र प्रार्थना मात्र गर्ने गरी अन्य कार्य नगर्ने नगराउने।
५. क्याम्पस, विद्यालय लगायत सबै प्रकारका शैक्षिक संस्था, तालिम, प्रशिक्षण केन्द्रहरू तथा विद्यालयबाट भौतिक रूपमा उपस्थित भई सञ्चालन हुने पठनपाठन लगायत परिक्षाहरू समेत स्थगित गर्ने।
६. सिनेमा हल, पार्टी प्यालेस, होटेल, रेष्टुरेण्ट, चिया तथा खाजा पसल, मोटेल, नाचघर, क्लब, पार्क, खेलकुद स्थल, ब्युटी पार्लर, स्वीमिङ पुल, तातोपानी कुण्डहरू, सैलुन, सुनचाँदी पसल, टेलरिङ, फेन्सी तथा कपडा पसल, स्टेशनरी, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, हार्डवयर, भाँडापसल, खाद्यसामाग्री तथा तरकारी पसल, फुटपाथ पसल लगायतका अन्य सबै प्रकारका सेवा एवं सटर/स्थलहरू नखोल्ने तथा सञ्चालन नगर्ने।



गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

७. विवाह, ब्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरू पार्टी प्यालेस तथा होटलमा सञ्चालन नगर्ने नगराउने । पूर्व निर्धारित विवाह कार्यक्रम आफ्नै घर परिसरमा सञ्चालन गर्दा तोकिएका स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना गरी दुबै पक्षका गरी १० जना भन्दा बढी व्यक्ति सहभागी हुन नपाइने, सवारी साधन प्रयोग गर्नुपर्नेको हकमा बर वा बधु पक्षले बढीमा ५ जना मात्र हुने गरी एक वटा सवारी साधन मात्र ब्यानर राखी प्रयोग गर्ने ।

८. आफुनै प्रत्यक्ष संलग्न भई गर्नुपर्ने मृत्यु संस्कार बाहेकका अन्य गतिविधिहरूमा संलग्न नहुने । दाहसंस्कार गर्दा नेपाल सरकारको कोरोना संक्रमितको शव व्यवस्थापन निर्देशिका बमोजिम २५ जना भन्दा बढी सहभागी नहुने ।

९. औषधी एवं स्वास्थ्य सामाग्रीका पसलहरू २४ सैं घण्टा खुला रहने ।

१०. स्थानीय क्षेत्रमा उत्पादन भई डोकाबाट बिक्री हुने दुध, फलफुल तथा तरकारीहरू बिहान ५:०० बजे देखि ८:०० बजे सम्म मात्र बिक्री बितरण गर्ने/गराउने ।

११. उद्योग र सार्वजनिक निर्माण कार्यमा संलग्न कर्मचारी तथा श्रमिकहरूलाई उद्योग परिसर वा निर्माण स्थल नजिकै खाना र बाँसको व्यवस्था गरी स्वास्थ्य तथा सुरक्षा मापदण्ड पूर्ण रूपमा अपनाइ सञ्चालन गर्ने/गराउने ।

१२. सरकारी प्राथमिकता प्राप्त आयोजनाका लागि निर्माण सामाग्री बोक्ने सवारी साधनहरू बेलुका ८:०० बजे देखि बिहान ४:०० बजे सम्म मात्र सञ्चालन गर्न पाइने ।

१३. स्वास्थ्य, सुरक्षा, सञ्चार, विद्युत, खानेपानी, औषधी तथा औषधीजन्य उत्पादन सेवा तथा बिक्री बितरण लगायतका अत्यावश्यक कार्य गर्ने बाहेकका अन्य सरकारी तथा गैर-सरकारी कार्यालयहरूबाट प्रदान गरिने सेवाहरू प्रवाह नगर्ने । यस अनुसार सञ्चालन हुने कार्यालयका कर्मचारीहरू घरबाट कार्यालय आउन र जान बिहान ९:०० देखि १०:०० बजे र बेलुका ५:०० बजे देखि ६:०० बजे सम्म मात्र परिचयपत्र र पोशाकका आधारमा आवतजावत गर्न पाउने ।

१४. सरकारी तथा बिरामीको उपचारसँग सम्बन्धित अत्यावश्यक सेवाको लागि मात्र बैक तथा वित्तिय संस्थाहरूले सेवा प्रवाह गर्ने । अन्य प्रयोजनका लागि बैक तथा वित्तिय संस्था, बीमा संस्थाहरू, सहकारीहरू सञ्चालन नगर्ने/नगराउने।

१५. जिल्ला भरी तोकिएका खोप केन्द्रहरूबाट नियमित खोप सेवा जनस्वास्थ्यका मापदण्ड परिपालना गरी सञ्चालन गर्ने।

१६. माथि उल्लेखित आदेशको पालना गर्नु/गराउनु सबै व्यक्ति, संघ-संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरूको कर्तब्य हुनेछ ।

**उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८; संक्रामक रोग ऐन, २०२० एवं अन्य प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।**

२०७८/०१/३०
गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी